भारतीय नेपाली कथामा उत्तरऔपनिवेशिक चेतना

कृष्णकुमार सापकोटा
सहायक प्राध्यापक, कञ्चनजङ्घा राज्य विश्वविद्यालय, सिक्किम
इमेल : k.krsapkota1@gmail.com
DOI: https://doi.org/10.3126/prajna.v126i1.86311

लेखसार

यस लेखमा उत्तरउपनिवेशवादको परिचय दिँदै भारतीय नेपाली कथाको अध्ययन गरिएको छ। औपनिवेशिक अनुभव र द्वेषले जन्माएको उत्तरउपनिवेशवादको वैश्विक परिप्रेक्ष्य अत्यन्त बृहत् छ। उत्तरउपनिवेशवादमा अन्तर्निहित वैशिष्ट्यहरू समयक्रम अनि परिस्थितिअनुरूप परिवर्तित भइरहने हुनाले यसको प्रयोग क्षेत्र पनि विस्तारित भएको छ। स्वतन्त्रता मानिसको आवश्यकतासँगै जीवनको आधार पनि हो। वर्षौंसम्म परतन्त्र जीवन अनि शोषण सहेर बाँचेका मानिसको अनुभवबाट निसृत उत्तरऔपनिवेशिक अवधारणाले वैश्विक मानव समाजलाई अस्तित्व चेतनाका निम्ति सचेत रहने आग्रह गर्दछ। यो अवधारणा प्रत्येक मानिसले आफ्नो निक्खर जीवन बाँच्न पाउनुपर्छ भन्ने आधार वाक्यमा आश्रित छ। यही आग्रह र जीवन चेतनालाई ग्रहण गरी भारतीय नेपाली कथामा यसको प्रतिफलन कसरी भएको छ भन्ने अध्ययन प्रस्तुत लेखको मूल विषय हो। यस भावभूमिमा रहेर भारतीय नेपाली कथाको अध्ययन गर्दा यहाँका कथामा आफ्नो परिचयका निम्ति गरिएका सङ्घर्ष एवम् भारतमा नेपाली जाति किनारीकृत साथै आन्तरिक उपनिवेशबाट पीडित रहेको अनुभवको वर्णन गर्ने क्रममा उत्तरऔपनिवेशक चेतना स्वतः समाहित भएर आएको निष्कर्ष देखिन्छ। यसका साथै समसामयिक भारतीय नेपाली कथाको एउटा प्रमुख प्रवृत्ति पनि उत्तरऔपनिवेशिक चेतना रहेको पनि यस लेखमा निष्कर्ष निकालिएको छ।

शब्दकुञ्जी : उपनिवेश, उत्तरउपनिवेशवाद, किनारीकरण, परिचय सङ्कट, वर्णशङ्कर, अस्तित्वको खोजी।

विषयपरिचय

भारतीयताको अनुभूतिजन्य एकत्व अनि सांस्कृतिक विविधतालाई अक्षुण्ण राख्न विभिन्न भारतीय भाषामा रचित साहित्य नै भारतीय साहित्य हो। भारतीय साहित्यमा भारतीयताको मूलमन्त्र भारतको भौगोलिक सीमाक्षेत्रबाट निर्मित साहित्यको आधारस्तम्भमा मात्र नभएर, यसको अवधारणात्मक एवम् सांस्कृतिक एकत्वबाट प्रतिफलित हुन्छ। तसर्थ विभिन्न भारतीय भाषामा

लेखिएका भारतीय चेतनायुक्त साहित्यको समष्टि रूप भारतीय साहित्य हो अनि त्यसैको एउटा अंश रूप भारतीय नेपाली साहित्य हो (नेपाल, २०१४, पृ. १४१-१४२) ।

भारतीय नेपाली कथा भारतीयताको चेतनाबाट अनुप्राणित छ । विविध समय एवम् कालमा भारतीय नेपाली कथाले आफूलाई अक्षुण्ण राख्दै समयानुरूप विभिन्न प्रवृत्ति र परम्परा पछ्याउँदै आएको छ । भारतीय राष्ट्र स्वतन्त्रताको समय अनि स्वाधीनतापछि भारतको सामाजिक, राजनीतिक र साहित्यिक परिवेश नितान्त भिन्न भएर गयो । सामाजिक परिवर्तनले साहित्यको दिशालाई पनि परिवर्तन गराउँछ । सन् १९४७ मा ब्रिटिस औपनिवेशिक शासनबाट भारत स्वतन्त्र भयो । स्वतन्त्र भारतको संविधानमा भारतीय नेपालीहरूले पनि आफ्नो राजनीतिक सुरक्षाको आकाङ्क्षा राखेका थिए । फलस्वरूप सन् १९५६ मा भारतमा भाषिक आधारमा राज्यहरूको पुनर्गठन भयो । सबै भारतीयहरूले आफ्नो आफ्नो मातृभाषाका आधारमा राज्य प्राप्त गरे तापनि भारतीय नेपालीले भने त्यो सौभाग्य प्राप्त गर्न सकेनन् । राज्य पुनर्गठनको आधार भाषा हुनु अनि भारतको प्राचीन इतिहास भएका नेपालीभाषीहरू राज्य प्राप्त गर्नबाट वञ्चित रहनाले उनीहरू विचलित बने । संस्कृतिसँग भाषाको निकट सम्बन्ध हुन्छ । शिक्षाको व्यापक विकास अनि सामूहिक साक्षरता मातृभाषाबाट मात्र सम्भव हुन्छ । स्वाधीन भारतको राज्य पुनर्गठनमा नेपालीभाषीहरूप्रति गरिएको अवमूल्यनले भारतीय नेपालीहरूमा तीव्रताका साथ सांस्कृतिक जागरण आएको पाइन्छ । केन्द्रीय शक्तिको भेदभावपूर्ण व्यवहारले भारतीय नेपालीहरूमा विद्रोही भावना सिर्जना भएको देखिन्छ । भारतको स्वतन्त्रता सङ्ग्राममा बलिदान दिने राष्ट्रप्रेमी नेपालीहरूको चेतनामा उद्भासित उक्त विद्रोही भाव, वासभूमि अनि अस्तित्वको खोजीले भारतीय नेपाली कथाको गतिलाई परिवर्तन गऱ्यो । भारतीय नेपाली समाजमा देखिएको उक्त चिन्ता, अस्तित्व सङ्कट तथा राष्ट्रियता आदिले भारतीय नेपाली कथालाई नेपालको नेपाली साहित्यभन्दा भिन्न बनायो । उपर्युक्त प्रवृत्तिले यहाँका कथाकारलाई आफ्नो समाज, परिवेश र परिस्थितियुक्त साहित्य सिर्जनामा अग्रसर गरायो । यसैको परिणामस्वरूप भारतीय नेपाली कथामा आफ्नो छुट्टै निजात्मक साहित्य सिर्जन परम्परा प्रारम्भ भयो । तसर्थ यी विविध सामाजिक, राजनीतिक तथा आर्थिक परिवेशका कारण अहिले भारतीय नेपाली कथा समय र परिस्थितिअनुरूप विविध सैद्धान्तिक मान्यतामा परिवर्तित हुँदै अघि बढिरहेको छ । यसका आफ्नै चिन्तन परम्परा, राष्ट्रप्रतिको वैचारिक दृष्टिकोण र मान्यताहरू छन् । समयअनुकूल उत्तरऔपनिवेशिक चिन्तनलाई सम्बोधन गर्ने क्षमता पनि भारतीय नेपाली कथाले राख्दछ । परिणामस्वरूप भारतीय नेपाली कथा आफ्नो विकासयात्राको उत्तरोत्तर उन्नयन सँगसँगै आफ्नो जातीय, आञ्चलिक एवम् राष्ट्रिय समस्यासितै उत्तरऔपनिवेशिक दृष्टिप्रति आकर्षित हुँदै आएको पाइन्छ । अतः भारतीय नेपाली कथाले उत्तरउपनिवेशवादको वैचारिक माध्यमद्वारा मुक्तिको मार्ग खोजिरहेको स्पष्ट देखिनाले यसबारे अध्ययन आवश्यक रहेको बोध गरी प्रस्तुत अध्ययन अघि बढाइएको हो । वस्तुतः यस लेखमा भारतीय नेपाली कथामा प्रयुक्त उत्तरउपनिवेशवादी स्वरहरू के कस्ता छन् ? भन्ने समस्यालाई चिह्नित गरी त्यसको सन्तुलित विश्लेषण गरिएको छ ।

अध्ययनको विधि

प्रस्तुत लेखका निम्ति आवश्यक अध्ययन सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ । उत्तरऔपनिवेशिकताको सैद्धान्तिक आधार एवम् भारतीय नेपाली कथाको उत्तरऔपनिवेशिक

विश्लेषण गर्ने क्रममा प्राथमिक अनि द्वितीयक स्रोतका सामग्री प्रयोग गरिएको छ। विश्लेषणमा प्रयुक्त कथा प्राथमिक स्रोत हुन् भने सन्दर्भका क्रममा प्रयोगमा आएका लेख, शोधग्रन्थ, समालोचना एवम् अनुसन्धानात्मक लेख आदि सामग्री द्वितीयक स्रोत हुन्। अध्ययनको दृष्टि गुणात्मक भएका कारण यसमा विश्लेषणात्मक एवम् गुणात्मक पद्धतिको प्रयोग गरिएको छ भने लेख सैद्धान्तिक पृष्ठभूमिमा आधारित रहेकाले यसमा निगमनात्मक विधि प्रयोगमा आएको छ। भारतीय नेपाली कथाले बृहत् पृष्ठभूमि एवम् प्रवृत्ति अँगालेका हुनाले यहाँ उत्तरऔपनिवेशिक चिन्तनसँग सम्बन्धित कथालाई कालगत र प्रवृत्तिगत दुईवटा आधारमा प्रस्तुत गरिएको छ। यहाँ कथा छनोटमा काल, प्रवृत्ति, लैङ्गिक र क्षेत्रीयतालाई आधार बनाइएको छ।

सैद्धान्तिक आधार

उपनिवेशवादले विक्षिप्त पारेको मानव मूल्य पुनर्स्थापित गर्ने सांस्कृतिक चेतना उत्तरउपनिवेशवाद हो। असमान शक्ति विभाजनले निम्त्याएको दोस्रो विश्वयुद्धपछि उत्तरउपनिवेशवादको सैद्धान्तिक छलफल वैश्विक स्तरमा प्रारम्भ भएको मानिन्छ, तर उत्तरउपनिवेशवादको उपर्युक्त परिप्रेक्ष्य प्रारम्भिक चरणमा राजनीति र इतिहासका क्षेत्रमा मात्र सीमित थियो। उत्तरउपनिवेशवादको सैद्धान्तिक अध्ययन मूलतः सन् १९७० का दशकदेखि उपनिवेशवादको सांस्कृतिक प्रभावको समीक्षास्वरूप साहित्यमा प्रवेश गरेको देखिए तापनि लेखनमा भने यो चेतना अमेरिकाको स्वतन्त्रतासँगै देखिन थालेको अधिकांश अध्ययनबाट पुष्टि भइसकेको छ।

समसामयिक साहित्य अध्ययनमा नवीन आग्रहका साथ प्रयुक्त उत्तरउपनिवेशवादी अवधारणा उपनिवेशी देशहरूको वैभवमय सभ्यतामा अन्तर्निहित शक्तिको पुनर्वाचन तथा प्रतिस्थापनमा प्रयत्नशील रहन्छ। उत्तरउपनिवेशवाद शब्दले एकैसाथ समय र प्रवृत्ति गरी दुईवटा प्रकारको अर्थबोध गराउँछ। दोस्रो विश्वयुद्धको ऐतिहासिक परिवर्तनपछि तथाकथित तेस्रो विश्वका जनजाति, आदिवासी, अल्पसङ्ख्यक आदिका इतिहास, भाषा, संस्कृति, लोक स्मृति आदि बुझ्ने क्रमबाट उत्तरऔपनिवेशिक चिन्तनको थालनी भएको मानिन्छ (भाभा, २००४, पृ.२४५-२४६)। भर्खरभर्खरै स्वतन्त्रता प्राप्त गरेका उपनिवेशी राष्ट्रहरूमा चिन्तनको यो जागरणधर्मिता राजनीतिक रूपमा मात्र नभएर साहित्य, कला, संस्कृति, शिक्षा, सामाजिक व्यवस्था, आर्थिक योजना, व्यवसाय आदि सबै क्षेत्रमा निर्दिष्ट रूपमा देखिन थालेको हो। स्वतन्त्रोत्तर कालमा देखा परेको यही नव्य-जागृतिलाई उत्तरउपनिवेशवादले सम्बोधन गर्दछ। वास्तवमा स्वतन्त्रोत्तर कालमा उपनिवेशी राष्ट्रका मानिसहरूले उपनिवेशकको संस्कृति तथा विचारको प्रतिरोध गर्दै साहित्य, संस्कृति, भाषा एवम् इतिहासमा स्वजातीय चिन्तनको नवीन क्षितिज उघार्न थाले। स्वअस्तित्वको चिन्तन, परिचय र राष्ट्रवाद तथा पूर्वीय सभ्यताको मौलिक खोजी गर्न थालिएको यस परिवेशलाई नै पछि साहित्यमा उत्तरउपनिवेशवाद भन्ने साझा नामले सम्बोधन गरिएको हो।

साहित्यमा उत्तरउपनिवेशवादको सामूहिक चिन्तन फ्रान्त्ज फेननको लेखनबाट प्रारम्भ भएको हो। फेननले फ्रान्सेली उपनिवेशवादविरुद्ध अल्जेरियाको राष्ट्रिय स्वतन्त्रता सङ्ग्रामको परिप्रेक्ष्य र फ्रान्सेली उपनिवेशवादको परिणास्वरूप उनीहरूमा देखिएको परिचय सङ्कटको अवस्थालाई सम्बोधन गर्न विउपनिवेशीकरण शब्द प्रयोग गरेका थिए। फेननपछि

उत्तरउपनिवेशवादी सादृश्यलाई व्यापकता प्रदान गर्ने अन्य अध्येताहरूमा एडवर्ड सइद, होमी के भाभा, गायत्री चक्रवर्ती स्पिवाक, एजा अहमद प्रमुख छन् । उनीहरूले उत्तरउपनिवेशवादको वैश्विक दृष्टि प्रस्तुत गरेका छन् । एडवर्ड सइदले प्राच्यवादी दृष्टिमा उत्तरउपनिवेशवादको आलोचना गरेका छन् भने भाभाले वैश्विक संस्कृति र राष्ट्रवादका धारणाहरूबाट उत्तरउपनिवेशवादलाई अघि बढाएका छन् । गायत्री चक्रवर्ती स्पिवाकको चिन्तन सबाल्टर्न, नारीवाद अनि पश्चिमी अकादमिक सङ्कथनसँग सम्बन्धित देखिन्छ ।

उपनिवेशवादका सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, शैक्षिक आदि विविध संरचनाको अध्ययन गर्दै उपनिवेशीहरूको जीवनदृष्टि स्थापना गर्नु उत्तरउपनिवेशवादको सैद्धान्तिक लक्ष्य हो । उत्तरऔपनिवेशिक अभिवृद्धिमा राष्ट्रहरू स्वाभिमानसँग आफ्ना संस्कृति, श्रुति परम्परा तथा सामूहिक चेतनामा निहित लोकसाहित्य एवम् आधुनिक साहित्य परम्परालाई राष्ट्रिय गौरवका रूपमा अभिव्यक्त गर्न चाहन्छन् (गौतम, वि.सं २०६४, पृ.१२१) । यस अध्ययनले राष्ट्रवाद, अस्तित्व सङ्कट, परिचय, स्मृतिलोप अनि वाग्लोप, सबाल्टर्न, जातीय विभाजन, इतिहासको पुनर्लेखन, उपनिवेशी समाजको अनुभव, भाषिक सङ्कट, आदिमताको खोजी आदिलाई मूल तत्त्वका रूपमा ग्रहण गरी साहित्यिक पाठको वाचन एवम् विश्लेषण गर्ने आग्रह राख्दछ । भारत पनि उपनिवेशको दीर्घ प्रताडना सहेर अघि बढेको राष्ट्र भएका कारण यहाँका साहित्यमा पनि उपनिवेशवादको विरोधी स्वर एवम् उत्तरउपनिवेशवादी दृष्टि पाइन्छ । भारतीय नेपाली कथा पनि यसबाट अछुतो रहेको छैन । तसर्थ, भारतीय नेपाली कथामा पनि यिनै वस्तुगत यथार्थले उब्जाएको उत्तरउपनिवेशवादी आग्रह कसरी प्रस्तुत भएको छ भन्ने अध्ययन आवश्यक देखिन्छ ।

विमर्श र नतिजा

कथा जीवनको अभिव्यक्ति हो । मानिसले आफ्नो जीवन भोगाइका क्रममा समाज र परिवेशबाट ग्रहण गरेका यथार्थ विचार, जीवनको सम्यक् दृष्टिकोण कलात्मक चेतनाका साथ कथाद्वारा अभिव्यक्त गर्दै आएका छन् । विविध आयामहरूको समावेशीकरणसँगै कथामा विभिन्न मोड, प्रवृत्ति तथा प्रयोगहरू देखिन थालेका हुन् । भारतीय नेपाली कथाको लेखन परम्परामा पनि विभिन्न मोड, आयाम, काव्य-शिल्पमा नवीन प्रयोग अनि प्रवृत्तिहरू देखा परेका छन् । उत्तरऔपनिवेशिक भारतीय नेपाली कथामा राष्ट्रियता, चिनारी सङ्कट, वैयक्तिक, सामाजिक अनि जातीय अस्तित्व, इतिहास दृष्टि, आन्तरिक उपनिवेशवाद, नवउपनिवेशवाद र नवसाम्राज्यवादको पीडाजस्ता विविध आख्यानगत वैशिष्ट्यहरू देखिन्छन् । यिनैलाई भारतीय नेपाली कथामा उत्तरउपनिवेशवादको पदक्षेप मान्न सकिन्छ । अतः प्रस्तुत लेख भारतीय नेपाली प्रयुक्त उत्तरऔपनिवेशिक चेतनालाई अध्ययन सुविधाका निम्ति तेस्रो आयामपूर्व, तेस्रो आयामपछि अनि समसामयिक गरी तीनवटा चरणमा विभाजन गरेर अध्ययन गरिएको छ ।

तेस्रो आयामपूर्वका कथामा उत्तरऔपनिवेशिक चेतना

भारतीय नेपाली कथा साहित्यमा रूपनारायण सिंहको 'परिवर्तन' र 'अन्नपूर्णा' कथाको प्रकाशनसँगै विविध वैशिष्ट्य स्वरहरू प्रकट हुन थालेको देखिन्छ । यी कथाले नवीन शिल्प-संरचना, भाव, विचार तथा प्रवृत्तिका साथै भारतीय नेपाली कथाको गतिलाई तीव्रता दिएको पाइन्छ । सामाजिक

यथार्थवादी, स्वच्छन्दतावादी आदि प्रवृत्तिका कथाहरूले भारतीय नेपालीहरूमा सामाजिक, राजनीतिक तथा जातीय चेतनाको बीजारोपण गऱ्यो । वास्तवमा त्यस अवधि समय र परिस्थितिले जातीय जीवनमाथि पारेको प्रभाव, दुःख-सुख प्राप्ति-अप्राप्तिलाई आफ्ना कथाहरूमा चित्राङ्कन गर्न धेरै कथाकारहरूले आफ्नो लेखकीय धर्म ठाने । समय र परिस्थितिले भारतीय नेपाली साहित्यकारहरूलाई साहित्य रचनामा जातीय भावना लेख्न झकझकायो (विष्ट, २०१४, पृ.३३) । फलस्वरूप यिनै जातीय चेतना, चिनारी सङ्कट, स्वअस्तित्वको खोजी, राष्ट्रप्रेम एवम् राष्ट्रवाद, उपनिवेशवाद तथा आन्तरिक उपनिवेशवादको प्रतिरोध, स्वतन्त्रताको चाहना आदि विविध प्रवृत्ति तथा विशेषताहरूका माध्यमबाट भारतीय नेपाली कथामा उत्तरऔपनिवेशिक चेतनाको बीजारोपण भएको मान्न सकिन्छ ।

सन् १९३७ मा गोर्खा सेवकमा प्रकाशित रामप्रसाद ज्ञवालीको दुईवटा कथा 'कलङ्क' अनि 'विवाह चर्चा' मा बालविवाहको विरोध तथा समाजसुधार साथै वैयक्तिक स्वतन्त्रताको चाहना राखिएको छ । भारतीय नेपाली कथाका क्षेत्रमा उत्तरऔपनिवेशिकताको पूर्वाभास यिनै कथामा पाइन्छ । यस अर्थमा उनका 'कलङ्क' अनि 'विवाह चर्चा' लाई उत्तरऔपनिवेशिक भारतीय नेपाली कथाको प्रारम्भिक बिन्दु मान्नु उचित हुन्छ । सामाजिक जागरण र सुधारवादी चरित्र नै कथाको मूल विषयवस्तु रहेको हुनाले यसलाई भारतीय नेपाली कथामा उत्तरउपनिवेशवादको उठान मानिन्छ किनभने जातीय विभेदको विरोध, वैयक्तिक वा सामूहिक स्वतन्त्रता पनि उत्तरऔपनिवेशिक अध्ययनका आधारहरू हुन् । त्यसपछि सन् १९४० को शारदामा प्रकाशित टङ्कनाथ उपाध्यायको 'पुड्के हवल्दार' अनि 'बलिदान' तथा सन् १९४५ को गोर्खामा प्रकाशित भोलानाथ गुरुङका 'भी.सी' अनि 'झण्डा' कथामा पनि उत्तरउपनिवेशवादको मलिन चेतना अभिव्यक्त भएको पाइन्छ ।

सन् १९४० मा खोजी पत्रिकामा प्रकाशित अनि पछि *कथा नवरत्न* (सन् १९५१) मा सङ्कलित रूपनारायण सिंहको 'मिस्टर एच. बी. ब्यास्नेट ए.एस.एस.आई. (लण्डन)' प्रखर उत्तरऔपनिवेशिक कथा हो । त्यसपछि 'धनमतीको सिनेमा स्वप्न' पनि उत्तरउपनिवेशवादको राम्रो नमुना हो । यस अर्थमा भारतीय नेपाली कथा साहित्यमा उत्तरउपनिवेशवादी चेतनाको स्पष्ट प्रयोग रूपनारायण सिंहबाट भएको देखिन्छ । उनको 'मिस्टर एच. बी. ब्यास्नेट' उत्तरउपनिवेशवादको एउटा दृष्टान्त कथा हो । कथाको शीर्षकमा नै 'मिस्टर' तथा 'ब्यास्नेट' जस्ता शब्दको प्रयोग भएको छ, जसले स्पष्ट रूपमा औपनिवेशिक आभास दिन्छ । वास्तवमा कथाको पात्र एच. बी. ब्यास्नेटले उपनिवेशी भारतको मध्यमवर्गीय चरित्रलाई प्रतिनिधित्व गर्दछ जो पश्चिमी संस्कृति अनि अङ्ग्रेजी भाषालाई सभ्यताको मानदण्ड सम्झन्छ । उपनिवेशकको संस्कृति र त्यसले समाजमा छोडेर गएको छापलाई कथाकारले यसरी अभिव्यक्त गरेका छन् :

> *फर्केर हेरें । स्वयं एच.बी. बस्नेत । कालो सर्जको नयाँ छाँटको सुट । रातो रेशमको कमीज, रातो नेकटाई र कोटका माथिल्ला पाकेटमा रातो रातो तीनकुने रुमाल हरियो रङ्गको फेल्ट ह्याट । कालो सुएड लेदरको जुत्ता ।*
>
> *मिस्टर एच.बी. बस्नेत पक्का साहब (सिंह, २०१३, पृ.९१)*

'ब्यास्नेट'-का चरित्रमा भारतीय मध्यमवर्गीय बाबुको रूप पाइन्छ । अङ्ग्रेजी शिक्षा पाएका र बाहिर हेर्दा भारतीय तर सोचाइमा भने अङ्ग्रेज जस्ता देखिने भारतीयहरूको प्रतिनिधि पात्र हो एच. बी.

ब्यास्नेट। कथाकारले एकातिर बस्नेतलाई 'ब्यास्नेट' उच्चारण गर्न लगाएर औपनिवेशिक हेत्वाभासको परिचय दिएका छन् भने अर्कातिर अङ्ग्रेजी शब्दलाई नेपालीकरण गरी 'पाकेट' लेखेर भाषिक उपनिवेशलाई विस्थापित गरेका छन्। यस प्रकारको भाषा प्रयोगप्रति लक्ष्य गर्दै एडवर्ड कामाउ बर्थवेटेले शुद्ध अङ्ग्रेजी भनेको वास्तवमा अङ्ग्रेजीइतर भाषालाई किनारीकृत गर्ने साम्राज्यवादी निर्मिति मात्र हो भनेका छन् (एकक्रप्ट, गैरेथ र टिफिन, २००७, पृ.१३४)।

यस कथामा उत्तरउपनिवेशवादको द्वैत चरित्र देखिन्छ। एकातिर साम्राज्यवादी संस्कृतिको प्रतिनिधि पात्रका रूपमा ब्यास्नेट छ भने अर्कातिर उपनिवेशी संस्कृतिको हीनताबोधी प्रतिनिधि पात्रका रूपमा आर एन देखिन्छ। वस्तुतः यो दोहोरो चरित्रमा निर्मित कथा हो। यस अतिरिक्त कथा नवरत्नमा सङ्कलित 'धनमतीको सिनेमा स्वप्न' कथा ग्लामरस दुनियाँको नग्नचित्र अनि त्यसले समाजमा परेको प्रभाव तथा सामाजिक विकृतिको उदाहरण हो भने 'आमा' कथा उत्तरऔपनिवेशिक भारतमा देखिएको पार्टी र राजनीतिको नैतिक क्षरण हो।

रूपनारायण सिंहबाट प्रतिस्थापित उत्तरऔपनिवेशिक चेतनालाई सुपुष्ट तुल्याउने अन्य कथाकारहरूमा थेलसी, अच्छा राई 'रसिक', शिवकुमार राई, हायमनदास राई 'किरात', इन्द्रबहादुर राई, हरिप्रसाद 'गोर्खा' राई, लीलबहादुर क्षत्री, इन्द्र सुन्दास, विक्रमवीर गुरुङ आदि प्रमुख देखिन्छन्। यी कथाकारका कथामा प्रत्यक्ष-परोक्ष रूपमा उत्तरउपनिवेशवादको प्रभाव पाइन्छ।

अच्छा राई 'रसिक'-का कथामा सामाजिक आर्थिक विषमता, नैतिक मूल्य, राष्ट्रप्रेम, व्यङ्ग्य चेतना, रोमान्टिक लेखन आदि प्रवृत्तिहरू पाइन्छन्। वास्तवमा स्वतन्त्रतापूर्व अनि स्वतन्त्रोत्तर कालमा भारतीय नेपालीहरूले भोग्नुपरेको जातीय समस्या, राजनीतिक, सामाजिक तथा आर्थिक विषमताका कारण भारतमा नेपालीहरूले अन्य जातिबाट शोषित हुनुपरेको अवस्था, जातीय जागृति, किनारीकरणको पीडा, देश र व्यवस्थाप्रति नेपालीहरूको इमानदार चरित्र, चलचित्रको नकारात्मक प्रभाव आदि उनका कथामा पाइने उत्तरउपनिवेशवादी लक्षणहरू हुन्। उनका 'पुलिस', 'चपरासी', 'रगत', आदि कथाहरू उत्तरउपनिवेशवादी चेतनाका दृष्टिले उत्कृष्ट देखिन्छन्। रसिकले आफ्नो 'चपरासी' कथामा आर्थिक विपन्नता, अशिक्षा तथा अस्तित्व चेतनाको अभावमा भारतीयहरूले समान अधिकार तथा न्यायको उपभोग गर्न नपाएको अवस्थाको चित्रण गरेका छन्। उत्तरऔपनिवेशिक भारतीय समाज अनि व्यवस्थाको यथार्थ चित्रण गरिएको कथा हो 'चपरासी'। यस कथामा भारतीयहरू अङ्ग्रेजबाट स्वतन्त्र भए तापनि भारतीय बुर्जुवाहरूबाट शोषित हुनु परिरहेको अवस्था देखाउँदै भनिएको छ :

> *तर तनखा पाउँछ आफिसमा सरकारी काम गर्छ भनेर। एउटा अङ्ग्रेजी हाकिमले अर्दली, बेहेरा, बोबर्जी आया, धोबी, मशल्जी, अनेकौँ चाकर राखेर धेरैको जीविका हुन्थ्यो, काम पनि बाँटिएर हल्का हुन्थ्यो* (रसिक, १९८२, पृ.६९)।

प्रारम्भिक चरणका भारतीय नेपाली कथामा उत्तरऔपनिवेशिक चेतना मूलतः जातीय चिनारी तथा परिचयको सङ्कटबाट अघि बढेको पाइन्छ। राष्ट्र स्वतन्त्रतापूर्व र स्वतन्त्रोत्तर कालमा भारतीय नेपालीहरूले आफ्नै राष्ट्रमा भोग्नु परिरहेको परिचयको सङ्कट तथा किनारीकरणको अवस्था कथाकारहरूले प्रमुखताका साथ उठाएका छन्। तर भारतीय नेपालीहरूमा जातीय भावना, राष्ट्रिय

अस्मिता तथा राष्ट्रिय चिनारीको बोध कसरी प्रतिफलित भयो भन्ने कुरामा नेपाली साहित्य सम्मेलन पत्रिकामा प्रकाशित पारसमणि प्रधानको 'उपन्यास र गल्प साहित्यको निर्माणमा उपयोगिता' लेखको एउटा अंशलाई यहाँ प्रस्तुत गर्नु उपयुक्त देखिन्छ । प्रधान लेख्छन्- हामीले पनि गोर्खालीहरूको दुःख-सुख, आशा-नैराश्य, हर्ष-विषाद कार्यक्रम आदिका गाथा उपन्यास र गल्पका रूपमा वर्णन गर्दै नेपाली जनसाधारणका मनमा र माझमा विस्तार विस्तार पस्ने प्रयत्न गर्ने चेष्टा गरे बेश हुँदो हो (चामलिङ, १९७८, पृ. १६९-१७०) । कुमार प्रधानले भने भारतीय नेपालीहरूमा जातीय भावनाको बीजारोपण गराउने कारक तत्त्व शिक्षाप्रचार अनि नेपाली सम्पर्क भाषाका रूपमा विकसित हुनुलाई मानेका छन् (प्रधान, २०१०, पृ.२०-२१) । वस्तुतः पारसमणि र कुमार प्रधानको उपर्युक्त विचार अनि देशका विभिन्न जाति तथा भाषीहरूले लडिरहेको अस्तित्वका लडाइँबाट प्रभावित बनेका भारतीय नेपाली कथाकारले जातीयताको भावना प्रमुखताका साथ अभिसारित गरे । यसैको फलस्वरूप भारतीय नेपाली कथामा जातीय चेतना एउटा प्रमुख प्रवृत्तिका रूपमा देखा पऱ्यो । अविनाश श्रेष्ठ लेख्छन्- भारतका विभिन्न क्षेत्रमा विभिन्न जातजाति, भाषाभाषीमाझ अस्तित्वको लडाइँ लड्दै बाँच्नुपर्ने चरम बाध्यताले गर्दा नेपालीहरूमा त्यति बेलाको परिस्थितिले उब्जाएको हुन्छ त्यो जातीयतावादी चेतना । त्यसैले सन् १९४० देखि लगभग सन् १९६० सम्म विभिन्न लेखकद्वारा लेखिएका भारतीय कथा, कविताहरूमा जातीयतावादी चेतना सामूहिक अनुभूति साथै एउटा मूल प्रवृत्तिका रूपमा रेखाङ्कित बनेको पाइन्छ (श्रेष्ठ, २००७, पृ.५०) ।

भारतीय नेपालीहरूको सामाजिक-राजनीतिक अवस्था, उनीहरूको जीवनका विविध पक्षहरू साथै जीवनबोधलाई सूक्ष्म विश्लेषण गर्ने कथाकार शिवकुमार राई हुन् । उनका 'फ्रन्टियर', 'नूरआलम', 'चुनार गढकी बन्दिनी' आदि कथाहरू उत्तरऔपनिवेशिक दृष्टिले विश्लेश्य देखिन्छन् । सामाजिक कुप्रथा, कुरीति, अन्धविश्वास, सङ्कीर्णता, आदिलाई देखाउँदै त्यसप्रति समाजमा चेतना फैलाउनु उनको कथाको मूल धर्म हो । उनका यी कथाहरू नितान्त उत्तरऔपनिवेशिक कथाहरू होइनन्, यद्यपि उत्तरऔपनिवेशिक विशेषताका आधारमा धेरै सशक्त छन् । भारतीय नेपालीहरूको सामाजिक अवस्था, सङ्घर्ष, आञ्चलिक तथा जातीय चेतना, उपनिवेशी समाजको चित्रण आदिका माध्यबाट उनका कथामा उत्तरऔपनिवेशिक चेतना निसृत भएको पाइन्छ ।

हायमनदास राई 'किरात'का कथामा समाजको दैनन्दिन समस्या, आफ्नो जातिको स्थिति, भारतीय नेपालीहरूको जातीय चिनारीको समस्या, चियाबारीको समस्या, जनजाति संस्कृति, लैङ्गिक विभेद आदि उनका कथामा पाइने उत्तरऔपनिवेशिक विशेषताहरू हुन् । उनको 'चपरासी' कथामा चिया कमानमा दिनरात काम गरेर पनि एक छाक राम्रोसँग खान र एउटा राम्रो लुगा लगाउन नपाएका श्रमिकहरूको यथार्थ घटना पाइन्छ । यस कथालाई मूलतः आर्थिक उपनिवेशीकरणको उदाहरणका रूपमा लिन सकिन्छ ।

स्वतन्त्रतापूर्व भारतीय नेपाली कथाका क्षेत्रमा उत्तरऔपनिवेशिक चेतनालाई लिएर कुनै पनि कथाकृति प्रकाशित भएको पाइँदैन । सन् १९३८ मा नेपाली साहित्य सम्मेलन दार्जिलिङले *कथा कुसुम* प्रकाशित गरेको देखिन्छ, यद्यपि त्यस सङ्कलनमा भारतीय कथाकारका कुनै पनि कथाहरू समावेश गरिएको पाइँदैन । तसर्थ स्वतन्त्रतापूर्व कालमा औपनिवेशिक समाज र त्यसको प्रतिरोधी चेतनालाई विषयवस्तुका रूपमा ग्रहण गरी जति कथाहरू लेखिएका छन् ती सबै पत्रपत्रिकामा नै

सीमित रहेका देखिन्छन् । तर स्वतन्त्रोत्तर काल र विशेष गरी तेस्रो आयामको घोषणापछि भने प्रायः कथाकारहरूले गम्भीरताका साथ विविध आयाम र विशेषतालाई आत्मसात् गर्दै कथासङ्ग्रह प्रकाशित गर्न थालेको देखिन्छ । अतः भारतको स्वाधीनताले लेखकहरूमा नवीन जोस र स्फूर्ति प्रादुर्भाव हुनाका साथै समाजमा व्यापक रूपमा शिक्षा प्रचारका कारण पनि स्वतन्त्रोत्तर कालमा विविध स्वर र संरचनायुक्त कथासङ्ग्रह प्रकाशित हुन थालेको पाइन्छ भन्ने रामलाल अधिकारी (अधिकारी, १९९२) को विश्लेषण यहाँ सटिक ठहर्दछ ।

तेस्रो आयामपछिका कथामा उत्तरऔपनिवेशिक चेतना

स्वतन्त्रोत्तर भारतीय नेपाली कथामा आधुनिक युगको सन्त्रास एवम् दैनन्दिन जीवन भोगाइका घटनाहरूले प्रश्रय पाएको देखिन्छ । भारतीय नेपालीमा जातीय अस्तित्वको प्रश्न, नेपाली भाषाको संवैधानिक मान्यताको प्रश्न, शिक्षित बेरोजगारीहरूको सङ्ख्यामा उत्तरोत्तर वृद्धि, दार्जिलिङका चियाबारी एवम् असमका कोइलाखानीमा काम गर्ने श्रमिकहरूमाथि गरिएको उत्पीडन तथा सम्भ्रान्त वर्गद्वारा निम्नवर्गमाथि गरिएको शोषण आदि विषयले त्यस समयका कथाकारहरूलाई अधिक आकर्षित गरेको पाइन्छ (अधिकारी, १९९२, पृ.४३-४४) । मूलतः इन्द्रबहादुर राईको कथालेखनसँगै भारतीय नेपाली कथामा भिन्न दृष्टिकोणबाट उत्तरऔपनिवेशिकताभित्र आफ्नो स्थान खोज्ने प्रयास थालिएको देखिन्छ । जातीय अस्मिताको प्रश्न, वर्गीय चिन्ता र मनोजगत्लाई कथामा उतार्ने प्रक्रम पनि यसै अवधिदेखि आरम्भ भएको देखिन्छ (प्यासी, २०१२, पृ.२१६) । राईको *विपना कतिपय* (सन् १९६०) भित्रका 'चपरासी', 'जयमाया आफू मात्र लेखापानी आइपुगी', 'भक्तलाल र म', आदि कथाहरूमा लाक्षणिक रूपमा सामाजिक कुव्यवस्थाका साथै भारतीय नेपालीहरूले भोगिरहेको औपनिवेशिक शोषणको प्रतिरोध पाइन्छ । सामान्यतया राईको 'चपरासी' कथा रैथाने दार्जिलिङे नेपालीहरूको पारिवारिक समस्यादेखि माथि जातीय वा वर्गीय समस्याको चुलीसम्म उठ्न सकेको उत्कृष्ट कथा हो भने 'जयमाया आफूमात्र लेखापानी आइपुगी' युद्धद्वारा विस्थापित जयमायाजस्ता नियति निर्देशित नेपालीहरूको यथार्थ पीडा हो (प्रधान, २०१२, पृ.७४) ।

यसका अतिरिक्त राईका 'हामीजस्तै मैनाकी आमा', 'विश्व तिम्रा चरणमा' कथाले पनि उत्तरऔपनिवेशिक समाजमा देखिएका प्रमुख समस्यालाई उद्घाटन गरेको पाइन्छ । उनको 'हामी जस्तै मैनाकी आमा', भारतीय नेपालीहरूको जैविक समस्या, आफ्नो पौरख र पसिनाले आवाद र उर्वर बनाएको दार्जिलिङ पहाडमा अन्य सम्प्रदायको बढ्दो अतिक्रमण (विष्ट, २०१४, पृ.३७), भारतीय नेपालीहरूले भोग्नुपरिरहेको जातीय एवम् राष्ट्रिय चिनारीको समस्या साथै किनारीकरण तथा आन्तरिक उपनिवेशवादको भावभूमिमा लेखिएको उत्तरऔपनिवेशिक कथा हो । यस कथामा राईले एकातिर नेपालीहरूको पलायनवृत्तिलाई देखाएका छन् भने अर्कातिर आफ्नो अधिकारप्रति आफैँ सचेत हुनुपर्छ भन्ने कुरा स्पष्टसाथ राखेका छन् । इन्द्रबहादुर राई आफ्नो अधिकारप्रति पूर्णतः सचेत देखिन्छन् । उनका कथामा नेपालीहरूको आफ्नो किपट वा स्थानप्रति मायाका साथै बजारवादको प्रभाव टड्कारो रूपमा यसरी अभिव्यक्त भएको छ :

> *कहाँदेखि हिमाल राम्रो देखिन्छ, हेर्दै सर्दै यहाँ आइपुगेका छौँ । अब कहाँ जान मन लाग्दैन । बिहान झ्याल खोलेर हिमाल हेर्ने घर हामी प्रत्येकको हुनुपर्छ ।...*

(तातिएको शरीरले उसलाई भन्न लाएछ)

यहाँ मानिस स्वस्थ्य छैन। जुनै थोकदेखि ऊ छिटो अघाउँछ, रुग्णको रुचि। एउटा हिमालदेखि हामी अघाएनौं।

हामी कतै गयौं भने यो भूमि पोको बाँधेर हामी लानेछौं। पाँच वर्षे बालकलाई समेत आफ्नो सम्पत्ति बोक्न लाउनेछौं। (पृ.३५)

राईको 'विश्व तिम्रा चरणमा' कथाले तेस्रो विश्वका देशहरूले भोगिरहेको नवउपनिवेशवाद र नवपुँजीवादको वैश्विक समस्यालाई उद्घाटन गरेको छ। मूलतः आजको भूमण्डलीकृत समाज र संस्कृतिपट्टि औँल्याउँदै प्रत्येक मानिस नै विश्वग्रामका बासिन्दा हुन् भन्ने कुरा कथाकारले सङ्केत गरेका छन् (थापा, २००९, पृ.१९)।

नागाल्यान्डको कोहिमामा जन्मिएका हरिप्रसाद 'गोर्खा' राईको कथासङ्ग्रह *यहाँ बदनाम हुन्छ* (सन् १९७४) प्रकाशित छ। पूर्वाञ्चलीय नेपाली समाजको यथार्थ चित्रण उनका कथाको केन्द्र हो। जातीय समीकरण, राष्ट्रप्रेम, राष्ट्रवाद, अस्तित्व सङ्कट, सैनिक जीवन र युद्धको सम्बन्ध, स्वतन्त्रोत्तर भारतीय समाजले अपेक्षा गरेको स्वतन्त्रता तथा परिवर्तनको सपना पुरा नभएको निराशा र आक्रोश आदि उनका कथामा पाइने उत्तरउपनिवेशवादी विशेषताहरू हुन्। वास्तवमा राईका कथाले स्वतन्त्रता तथा जातीयताका पूर्वस्थापित मान्यताहरूलाई भञ्जन गरी नवीन मूल्य मान्यताहरू स्थापित गरेका छन्। आफ्ना कथामा जातीय विभेद र पीडा मात्र नदेखाएर विभिन्न जातिबिचको सम्बन्ध देखाउँदै जातीय समीकरण स्थापित गर्ने प्रयासले उनको कथागत नवीनतालाई पुष्टि गर्दछ। उनका कथा जाति वा देशका निम्ति गरिएको युद्ध र क्रान्तिले कुनै एउटा प्रमुख सम्भ्रान्त वर्ग परिवर्तन गरेर त्यसमा अर्को वर्गलाई स्थापित गरिएको तिक्त अनुभवले पिरोलिएका छन्।

उपनिवेशी राष्ट्रमा आफ्नो सामाजिक, राजनीतिक, सांस्कृतिक, भाषिक तथा धार्मिक प्रभाव र प्रतिनिधित्वलाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने कुराप्रति उपनिवेशकहरू धेरै सचेत रहन्छन्। भारतमा ब्रिटिस उपनिवेश यसको दरिलो उदाहरण हो। ब्रिटिसले भारतमा आफ्ना कुटिल षड्यन्त्रद्वारा प्राचीन भारतीय सभ्यता अनि साझा सांस्कृतिक चेतना नष्ट गर्नाका साथै प्रत्यक्ष उपनिवेशको अन्त्यपछि पनि नवउपनिवेशवादी रणनीतिद्वारा आफ्नो प्रभाव र प्रभुत्व कायम राख्ने प्रयास गऱ्यो। भारतीय सभ्यता, पुनर्जागरणका साथै मानव सभ्यताको विश्वकोशकै रूपमा स्थापित रामायण र महाभारतजस्ता ग्रन्थलाई प्रमाणहीनताको संज्ञा दिएर त्यसका स्थानमा अङ्ग्रेजी भाषा र पश्चिमी संस्कृति स्थापित गर्नु उपनिवेशकहरूको प्रमुख लक्ष्य थियो। ब्रिटिस उपनिवेशवादको यस प्रकारको सांस्कृतिक षड्यन्त्रको उद्घाटन धेरै भारतीय नेपाली कथाकारहरूले गरेका छन्। उपनिवेशकालमा भारतको सांस्कृतिक धरोहर, मूल्य-मान्यता तथा वैचारिक चिन्तन कसरी ध्वस्त भइरहेका थिए भन्ने कुराको तथ्यगत वर्णन गरेर लेखिएको इन्द्र सुन्दासको *रोमन्थन* (सन् १९८९) कथासङ्ग्रहमा उत्तरउपनिवेशवादको प्रयोग पाइन्छ। यस कथासङ्ग्रहलाई अङ्ग्रेजी उपनिवेशकालीन भारतीय समाजको दर्पण मान्न सकिन्छ। अङ्ग्रेजी उपनिवेशवादको मनोवैज्ञानिक प्रभाव, भारत विभाजनले निम्त्याएको सांस्कृतिक तथा धार्मिक सङ्कट, चियाबारी समाजको समस्या, द्वैत

उपनिवेशको अवस्था आदि उनका कथामा पाइने प्रमुख स्वरहरू हुन्। यस अतिरिक्त उपनिवेशवादका उन्मूलनमा भियतनामीहरूले गरेको सङ्घर्षलाई विषयवस्तु बनाएर लेखिएको जीवन थिङको 'सीमान्तहरू' कथा पनि उत्तरउपनिवेशवादका दृष्टिले महत्त्वपूर्ण देखिन्छ (तामाङ, २०१२, पृ.२)।

वर्तमान समाज एकातिर आफ्नो भाषा, संस्कृति र परिचय अक्षुण्ण राख्न वकालत गर्छ भने अर्कातिर पाश्चिमी संस्कृति र अङ्ग्रेजी भाषा नजान्नुमा आत्मग्लानी गर्छ। यसलाई फ्रान्त्ज फेननले उपनिवेशवादको सांस्कृतिक परिणाम भनेका छन् (फेनन, १९८६, पृ.१७)। इन्द्र सुन्दासको 'शेरसिंह गोरखा' कथा यसैको एउटा उदाहरण हो। कथाको सुरुमा शेरसिंहको पहिरन, शारीरिक बनावट र व्यक्तित्व देख्दा दिलबहादुरलाई शेरसिंह नेपाली हुन् भन्ने लाग्दैन। वास्तवमा यो फेननले भनेजस्तै दिलबहादुरमा देखिएको उपनिवेशवादको मनोवैज्ञानिक प्रभाव हो। त्यसैले दिलबहादुर अनुमान गर्छ :

> *पुगनपुग छ फूट अग्लो, तगडा शरीर भएका, अनुहार-गर्दन-हातका छालाको रङ उज्जर काँसाको जस्तो, जुँगा र केस सेताम्मे तर त्यो रूपमा सुहाउने देखिने। पहिरण पक्का साहेबी, दामी ट्वीटको कोट र ओर्स्टेडको पतलून, ब्रोग जुत्तासित मिल्ने चेक-का मोजा, कमीजको दह्रो कलरमा टाँसेको सेता तारा छरिएको बो-टाइ घाँटीमा; शिरमा ट्वीट क्याप लाएका, मुखमा पाइप र हातमा छडी समातेका ती खाफिलो व्यक्तिलाई बाटोमा हिड्ने मानिसहरूले टाढैबाट देख्थे* (सुन्दास, १९८९, पृ.१)।

यस अतिरिक्त रोमन्थनभित्रका 'ऐते पाइलट' मा तत्कालीन भारतीय नेपालीहरूको सामाजिक आर्थिक अवस्था साथै द्वैत उपनिवेशवादको चित्रण पाइन्छ भने 'जिज्ञासु मेरो सँगी' कथामा भारत विभाजनको पीडा पाइन्छ।

समसामयिक कथामा उत्तरऔपनिवेशिक चेतना

जातीय चिन्ता, परिचय सङ्कट तथा राष्ट्रियताको प्रश्न उत्तरउपनिवेशवादका प्रमुख विशेषता नै हुन्। अझ समसामयिक भारतीय नेपाली साहित्यका सन्दर्भमा भने यी विशेषताहरू केन्द्रमा रहेको पाइन्छ। तर यसको प्रयोग परम्परामा भने विविधता देखिन्छ। उत्तरउपनिवेशवादको वैचारिक दृष्टिमा इन्द्रबहादुर राईकै पोयो समातेका सञ्जय विष्ट शिल्प र शैलीमा भने राईभन्दा भिन्न देखिन्छन्। विष्टका कथाले वर्तमान समयको बदलिँदो परिदृश्य, सामाजिक परिवर्तन र त्यसबाट निसृत विविध वैचारिक दृष्टिकोणलाई गम्भीरतापूर्वक निहारेका छन्। उनको पहिलो कथासङ्ग्रह *शब्दान्त* (सन् १९९३) बारे सञ्जमय राई लेख्छन् :

> यहाँ कथामा विशेषतः मानवीय संवेगात्मक आन्तरिक समस्याहरू उज्ज्वलतासित देखा पर्दछन्। प्रायः कथाहरूका आधारभूमि त्यही समस्याहरूले निर्मित छन्।...समस्याहरू- अप्राप्ति, इच्छा, रहर, सङ्कट, समस्या; अस्वाभाविक मानवीय सम्बन्ध, मानसिक असम्पर्क, कमजोरी, यौनपरक समस्या इत्यादि छन्। कथाका विषयहरू यिनै विशेषतासित जडिएका छन् (बान्तवा, २०१३, पृ.१०९)।

विष्टका कथाले मूलतः जातीय चेतना, राष्ट्रिय परिचय तथा किनारीकरणको विषम अवस्था पीडाका रूपमा नभएर अधिकार वा शक्तिसम्बन्धका रूपमा अभिव्यक्त गरेको पाइन्छ। उनका

अस्ताचलतिर (सन् २००७) अनि *जुनजस्तै घाम* (सन् २०१५) कथासङ्ग्रह पनि उत्तरऔपनिवेशिक दृष्टिकोणले सशक्त देखिन्छन् । वस्तुतः वैयक्तिक तथा मानसिक द्वन्द्व, सामाजिक जीवनको सभ्यता, संस्कृति, राजनीति, अर्थनीति, व्यवस्था र विविध प्रणाली तथा भूमण्डलीकरण, उत्तरऔपनिवेशिक बजारवाद, उपभोक्तावाद, प्रचारवाद, बहुसंस्कृतिवाद, नवउपनिवेशवाद तथा नवपुँजीवाद आदि उनका कथामा पाइने उत्तरऔपनिवेशिक विशेषताहरू हुन् (क्याक्टस, २०१४, १२७) । मिसेल फुकोले भनेजस्तै विष्टले पनि शक्तिलाई उत्तरऔपनिवेशिक सङ्कथनका केन्द्रमा राखेर हेरेका छन् । 'कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस' कथामा उत्तरउपनिवेशवादको प्रयोग देखिन्छ । यस कथामा विष्टले दार्जिलिङको सामाजिक व्यवस्था, राजनीतिक अधिकार एवम् राष्ट्रिय चिनारीबिचको द्वन्द्वका कारण नेपालीहरू आफ्ना स्थानबाट पलायन बन्न बाध्य बनेको अवस्थालाई स्पष्टसँग देखाइदिएका छन् । कथाको उदाहरण यस्तो छ :

> *"जानुभएको छ कैले उक्कालो ठाडो औरियन्ट रेस्टुरेन्टको ? नमस्कार मामा, सञ्चै भाइ ? बडा अहिले कस्तो हुनुहुन्छ, नमस्ते छेमा-हरू कहिल्यै भन्नु पाउनुभएको छ उक्कालो जाँदा दाँया-बाँयापट्टिका पसलहरूभित्रकाहरूलाई ?" यति भन्नु कति साह्रो परेको त्यसलाई ? शरीरमा कम्पन किन ?* (विष्ट, २०१३, पृ.३९)

यस कथामा एकातिर आफ्नो किपटबाट जातिको पलायनवृत्तिले कथाकार चिन्तित देखिन्छन् भने अर्कातिर औपनिवेशिक हीनताबोध त्यागेर समतामूलक समाजको निर्माणका निम्ति वैचारिक दृष्टिकोण राख्दै लेख्छन्-

> *एउटा मान्छेले गर्नसक्ने जे पनि गर्नसक्छु म । शरणार्थी शब्दको अर्थ फर्काईल्याउन म जे पनि गर्छु । यदि मैले केही गर्न सकिनँ भने पनि कुनै कारण बनाएर ती बासहीन सम्प्रदाय जसलाई हामीले आधा रातमा बास दियौँ, गाँस दियौँ, उज्यालो र शीतल दियौँ र जो हाम्रो गाँस, बास उज्यालो र शीतल खोस्न तत्पर छ- उनीहरूबाट दुई-तीन झापट खान सक्छु म तर त्यसको सामूहिक सम्प्रदायिक प्रतिक्रिया मेरो इच्छाअनुकूल होस् । ती दुई-तीन ढापटको प्रतिक्रियामा शुद्ध दार्जिलिङे नेपाली समाजको निर्माणको बीज अङ्कुरित होस् । त्यति भए पुग्यो मलाई । गर्न सक्छु म त्यति* (विष्ट, २०१३, पृ.३९) ।

उपनिवेशकले उपनिवेशी देशहरूमा विकास गरेको युरोपकेन्द्रित संस्कृतिको मनोवैज्ञानिक प्रभाव र त्यसबाट निकासको मार्ग खोज्ने काम उत्तरऔपनिवेशिक साहित्यले गर्दछ । भारतीय नेपाली कथाकारले जाति, वर्ग, भाषा, लिङ्ग, धर्म आदिमा विभाजित समाज एकसूत्रमा बाँध्ने र पश्चिमी वर्चस्ववादी संस्कृतिलाई विनिर्मित गर्दै नवीन मूल्य मान्यता स्थापित गर्ने प्रयास गरेको पाइन्छ । नारी अस्मिता, समलैङ्गिकता, एलजिबिटिक्यु, किनारीकरण र सबाल्टर्नको पीडा, आदिम संस्कृतिको उपस्थापन, वर्णशङ्कर तथा राष्ट्रप्रेम वा राष्ट्रवादजस्ता उत्तरउपनिवेशवादका सैद्धान्तिक आधारलाई आत्मसात् गरी कथा लेखनमा निरन्तर लाग्ने कथाकारहरूमा बद्रीनारायण प्रधान, लीलबहादुर क्षेत्री, विन्द्या सुब्बा, लक्खीदेवी सुन्दास, असित राई, रामलाल अधिकारी, डिल्लीप्रसाद खनाल प्रमुख देखिन्छन् । बद्रीनारायण प्रधानको सङ्गत (सन् १९९२), लीलबहादुर क्षेत्रीको *लीलबहादुर क्षेत्रीका कथाहरू* (सन् १९९६) अनि लक्खीदेवी सुन्दासको सन् १९९८ मा प्रकाशित *आहत अनुभूति*

कथासङ्ग्रहका केही कथाहरू उत्तरऔपनिवेशिक चेतनाका दृष्टिले द्रष्टव्य छन् । प्रधानको 'बोनस' कथा चियाकमानमा काम गर्ने श्रमिक र मालिकबिचको सङ्घर्षमा केन्द्रित देखिन्छ । सुन्दासका कथामा सामाजिक-सांस्कृतिक विसङ्गति, नारीवादी चेतना, जातीय गौरव तथा मूल्य मान्यता, देशप्रेमको भावना आदि विशेषताहरू प्रमुख रूपमा रहेका पाइन्छन् (छेत्री, २०१३, पृ.२१) । उनका 'हस्तान्तरण', 'निर्वासित', 'पहाडी छायामन्तिर', 'माथिका ती' आदि कथाहरू उत्तरउपनिवेशवादका दृष्टिले विवेच्य छन् । 'हस्तान्तरण' कथामा नेपालीको संस्कृति, परम्परा आदिको चित्रण पाइन्छ भने 'निर्वासित' कथामा असममा भएको बहिरागत बहिष्कार आन्दोलनका चपेटमा परेर निर्वासित हुन पुगेका भारतीय नेपालीहरूको जीवनको पीडा पाइन्छ । 'पहाडी छायामन्तिर' कथामा विविध समस्याले थिचिए तापनि त्यसको प्रतिकार गर्न नसक्ने चियाकमानका श्रमिकहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ । यसले चियाकमानका मानिसहरूले भोग्दै आइरहेको शोषण एवम् आन्तरिक उपनिवेशवादप्रति स्पष्ट सङ्केत गरेको छ ।

असित राईको सन् २००६ मा प्रकाशित *सन्त्रस्त जिजीविषा* कथासङ्ग्रहभित्रका 'अन्तिम सलामी', 'चिरहरित चियाबारीको चित्कार' आदि कथाहरूमा कतै औपनिवेशिक समाजको राजनीतिक, सांस्कृतिक चित्रण पाइन्छ भने कतै उत्तरऔपनिवेशिक समयमा चियाबारीमा काम गर्ने मजदुरहरूले देशीय सम्भ्रान्त वर्गबाट शोषित र पीडित हुनु परेको अवस्थाको चित्रण पाइन्छ ।

उत्तरउपनिवेशवादले राष्ट्रिय परिचय सँगसँगै क्षेत्रीय परिचय वा चिनारीलाई पनि अक्षुण्ण राख्नुपर्दछ भन्ने धारणालाई स्वीकार गर्दछ । बृहत् सांस्कृतिक परिदृश्यभित्र साना साना किनारीकृत समूहका निजत्वलाई संरक्षण गर्नु उत्तरउपनिवेशवादको प्रमुख लक्ष्य हो । प्रदीप गुरुङको कथालेखन पनि यसै भारतीय नेपालीहरूको किनारीकृत अवस्थाका साथै आफ्नोपनको खोजीबाट अभिप्रेरित भएको देखिन्छ । उनका *बिरिमफूल* (सन् २००७) र *वैरी माया* (सन् २०१६) सङ्ग्रहभित्रका केही कथामा बजारवादको प्रभाव, किनारीकरण तथा सबाल्टर्नको पीडाबोध, चियाबारीको समस्या, पुँजीवादले निम्त्याएको परिवार विघटनको अवस्था, सांस्कृतिक अतिक्रमण आदिद्वारा उत्तरउपनिवेशवाद विकसित भएको पाइन्छ । गुरुङको 'एउटा कुण्ठित दिन' कथामा नेपालीहरूले जाति, भाषा, अस्तित्व र परिचयका निम्ति लडाइँ लड्दै बाँच्नुपर्ने बाध्यताको चित्रण पाइन्छ । यस कथामा गुरुङले दुईवटा पुस्ताका पात्रद्वारा एकातिर बजारवादको प्रभावस्वरूप सहर पसेका नेपालीहरूको जीवन देखाएका छन् भने अर्कातिर आफ्नो सांस्कृतिक परम्परा, संस्कार, भाषा तथा जीवन पद्धति अक्षुण्ण राख्ने सन्देश दिएका छन् । चियाबारी समाजको समस्या र वासभूमिको आन्दोलनले सन्त्रस्त बनेको दार्जिलिङको जनजीवनमा आधारित कथा 'साइँली वरी चियाबारीमा' हो ।

सामाजिक विसङ्गति, सांस्कृतिक मूल्य मान्यताको ह्रास, वर्तमान पुँजीवादी व्यवस्थाले निर्माण गरेको बजारवादको प्रभाव, औपनिवेशिक कालको समाज-राजनीतिक परिदृश्य आदिलाई प्रमुख विषयवस्तु बनाएर लेखिएका कथाहरूमा दलमान 'डी' गुरुङको *चर्केको ऐनाभित्र आफ्नै अनुहारहरू* (सन् १९९६), मणिकुमार सुब्बाको *चन्द्रबाला* (सन् २००५), सन् २०१४ मा प्रकाशित *कालो सर्प र नयाँ प्रजन्म,* शमसेर अलीको *सोल्दाती गोर्खा मोल्तो ब्योनी* (सन् २०१४) प्रमुख देखिन्छन् । यी कथाहरूले मूलतः उत्तरऔपनिवेशिक कालमा भारतीय नेपालीहरूको सामाजिक-राजनीतिक अवस्था, वासभूमिको समस्या र त्यसले निम्त्याएको विकट परिस्थिति, किनारीकरणको

पीडा, इतिहासको पुनर्मूल्याङ्कन, नारीमाथि भइरहेको शारीरिक तथा मानसिक शोषणजस्ता भारतीय समाजका गम्भीर समस्यालाई सम्बोधन गरेका छन् । समकालीन भारतीय नेपाली कथामा एकातिर नेपालीहरूको साझा चेतनासँग जोडिएको समस्या सम्बोधन गर्ने प्रयास देखिन्छ भने अर्कातिर राष्ट्रिय तथा वैश्विक स्तरमा देखिएको युगीन नैराश्यलाई पनि उत्तिकै महत्त्वका साथ सम्बोधन गरिरहेको देखिन्छ ।

शमसेर अली समकालीन भारतीय नेपाली साहित्यका एकजना प्रमुख उत्तरऔपनिवेशिक कथाकार हुन् । विषयवस्तुका दृष्टिले शमसेर अलीका कथामा आन्तरिक उपनिवेशवादको पीडा, चियाबारी समाजको समस्या, अङ्ग्रेजी उपनिवेशकालीन भारतको सामाजिक, सांस्कृतिक तथा राजनीतिक अवस्थाको चित्रण पाइन्छ । अनुसन्धान तथा क्षेत्रगत भ्रमण गरी लेखिएका अलीका कथाहरूमा नेपालीहरूको प्राचीन इतिहासलाई दस्तावेजीकरण गर्ने प्रयास छ । अलीका कथामा मूलतः उपनिवेशकालीन भारतीय समाजको ऐतिहासिक वर्णनका साथै स्वतन्त्रोत्तर कालमा बहुसङ्ख्यकले अल्पसङ्ख्यकको सांस्कृतिक, भाषिक तथा भौगोलिक क्षेत्रमाथि गरेको अतिक्रमणका कारण अल्पसङ्ख्यकहरू देशको केन्द्रीय धाराबाट निरन्तर किनारीकृत बन्दै गएको यथार्थ वर्णन पाइन्छ । अङ्ग्रेजी उपनिवेशवाद विरुद्धको आन्दोलन अनि स्वतन्त्रतापछि भारतको संविधान लेखनमा महत्त्वपूर्ण सहयोग दिने अरिबहादुर गुरुङजस्ता व्यक्तिलाई देशले र आफ्नै जातिले पनि अवमूल्यन गरेको देख्दा उनी रुष्ट हुन्छन् । संविधान लेख्ने डा अम्बेडकरको भारतका प्रत्येक राज्यका विभिन्न चोक र सडक किनाराहरूतिर मूर्ति स्थापित गरिएको छ, सोही संविधान लेख्नेलाई हात बटाउने हाम्रा गोर्खे नेता अरिबहादुर गुरुङलाई चिन्न पनि लजाउने हाम्रा समाजका बुद्धिजीवी नेताहरूप्रति धिक्कार छ (अली, २०१४) ।

भारतीय नेपालीहरू अहिले पनि आफूलाई किनारीकृत भएको अनुभव गर्छन् । ब्रिटिस उपनिवेशवादको अन्त्यपछि भारतको सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक तथा भाषिक प्रतिमानहरूमा परिवर्तन आउँछ र सबैले समान राजनीतिक अधिकार उपभोग गर्न पाउँछन् भनेर देखेको सपना पुरा नभएर त्योभन्दा फरक आफ्नो जाति आन्तरिक उपनिवेशवाद र किनारीकृत हुँदै गएको अवस्थाप्रति कथाकार धेरै चिन्तित देखिन्छन् ।

स्वतन्त्रोत्तर भारतमा उत्तरपूर्वाञ्चलले भोग्दै आएका विविध समस्याहरूको प्रतिनिधित्व गर्ने नारी कथाकारहरूमा गीता उपाध्याय र इन्दु प्रभा देवी प्रमुख देखिन्छन् । उत्तरऔपनिवेशिक भारतीय समाजमा नारीहरूले भोगिरहेको पीडा र उत्पीडन उनीहरूका कथाका मूलभूत विशेषताहरू हुन् । गीता उपाध्यायको *कथाञ्जली* (सन् २००८)-भित्रका 'मातृत्व', 'आँटिली योद्धा', 'मनदुर्निग्रहम्' आदि कथालाई सामाजिक विकृति, नारी पीडा र नारीले देखाएका साहस आदिका दृष्टिकोणले हेर्न सकिन्छ । उत्तरऔपनिवेशिक नारीवादले औपनिवेशिक र उत्तरऔपनिवेशिक कालमा नारीहरूले भोग्नुपरिरहेको समस्या, साहित्यमा उनीहरूको प्रतिनिधित्व आदिलाई केन्द्रमा राखेर अध्ययन गर्दछ । यसले उपनिवेशक र पितृसत्तालाई एकाअर्काको परिपूरक मान्दछ । तसर्थ उपनिवेशवादको अन्त्यपछि नारीको सामाजिक, राजनीतिक र आर्थिक जीवनमा आएको परिवर्तनको आँकलन गर्नु उत्तरऔपनिवेशिक नारीवादको विश्लेषकीय आधार हो । गीता उपाध्यायको 'आँटिली योद्धा' कथा यसको प्रमुख उदाहरण हो ।

इन्दु प्रभा देवीको *प्राप्ति अप्राप्ति* (सन् २०१७) कथासङ्ग्रहले समकालीन भारतीय समाज र विशेषतः असम पूर्वाञ्चलमा देखिएको राजनीतिक तथा सांस्कृतिक परिस्थितिलाई प्रतिनिधित्व गरेको पाइन्छ। असम आन्दोलनको परिणाम, पौराणिक तथा ऐतिहासिक मिथकको नवीन प्रयोग, स्वतन्त्रोत्तर भारतमा नारीहरूको अवस्था, असम पूर्वाञ्चलमा बसोबास गर्ने विभिन्न जातिहरूको राष्ट्रिय परिचयको समस्या, क्षेत्रीय राष्ट्रवादको सङ्घर्ष आदि उनका कथाका विषयवस्तु हुन्। यसरी भारतीय नेपाली कथामा उत्तरउपनिवेशवादको प्रसङ्ग अहिले पनि निरन्तर आइरहेको पाइन्छ।

निष्कर्ष

भारतीय नेपाली साहित्यमा कथालेखनको परम्परा जति समृद्ध छ त्यसको विषयगत विविधता पनि उत्तिकै देखिन्छ। भारतीय नेपाली कथाका विभिन्न चरणमा देखिएका मोड र प्रवृत्तिले यसको अध्ययन क्षेत्रलाई फराकिलो बनाएको छ। आधुनिकताको चेतनासँगै उपनिवेशवादबाट मुक्ति अनि स्वाधीनताले ल्याएको नवचेतना साथै दोस्रो विश्वयुद्धले निम्त्याएको मानवमूल्यको ह्रासले वैश्विक मानव समाज र साहित्यलाई हेर्ने नवीन दृष्टिको विकास गऱ्यो। भारतीय नेपाली साहित्यमा पनि यो अवस्था प्रस्ट देखिन्छ। त्यसैको फलस्वरूप विकसित भएको अनि अझ भारतको स्वतन्त्रतापछि यहाँ उठेका अस्तित्व, परिचयको खोजी, किनारीकरण पीडा तथा आन्तरिक उपनिवेशीकरणका विषयहरू भारतीय नेपाली उत्तरऔपनिवेशिक कथाका केन्द्रीय स्वर बनेर आएको यस अध्ययनबाट प्रस्ट हुन्छ।

उत्तरउपनिवेशवादी दृष्टिले तेस्रो आयामपूर्वका भारतीय नेपाली कथामा ब्रिटिस औपनिवेशिक शोषणको विरोध अनि भारतीय चेतना खोज्ने प्रयास अधिक पाइन्छ भने इन्द्रबहादुर राईको उदयसँगै भारतीय नेपाली उत्तरउपनिवेशवादी कथामा भारतीय नेपालीहरूको अस्तित्व, चिनारी एवम् राष्ट्रियता जस्ता विशेषतालाई केन्द्रीकरण गर्ने प्रयास भएको देखिन्छ।

भारत स्वतन्त्र भएपछि वा विशेषतः १९५६ मा राज्य पुनर्गठनपछि भने भारतीय नेपाली कथा लेखनका स्वरमा परिवर्तन देखिन थाल्यो। भाषिक आधारमा राज्यको पुनर्गठन हुनु अनि त्यसमा भारतीय नेपालीहरूले स्थान नपाउनुले यहाँका कथाकारमा त्यसको तीव्र प्रतिरोध देखिन थालेको हो। त्यसपछि अधिकांश कथाकारले यही भावलाई ग्रहण गरी आन्तरिक उपनिवेशीकरण, किनारीकरण साथै कथाका माध्यमद्वारा भारतमा आफ्नो परिचय र अस्तित्व खोज्ने गरेको कुरा इन्द्रबहादुर राई, हाइमनदास राई किँरात, सञ्जय विष्ट, प्रदीप गुरुङ आदिका कथाको अध्ययनबाट थाहा पाइन्छ। यसले विशेषतः तेस्रो आयामपछि भने उत्तरऔपनिवेशिक अध्ययन भारतीय नेपाली साहित्यको आवश्यकता बन्नाका साथै कथामा यसको प्रयोग परम्परामा पनि व्यापकता आएको बुझाउँछ। अझ समसामयिक उत्तरऔपनिवेशिक भारतीय नेपाली कथामा भने उत्तरउपनिवेशवादको वैश्विक चिन्तन, तेस्रो विश्वका मानिसहरूको पीडा, वर्णशङ्कर परिचयको अवस्था साथै राष्ट्रभित्रै आन्तरिक उपनिवेशबाट मुक्ति जस्ता विषयलाई प्रयोगगत विविधताका साथ उठाइरहेको देखिन्छ। भारतीय नेपाली कथाकारहरूले उत्तरऔपनिवेशिक दृष्टिलाई राम्रोसँग पर्गेलेर आफ्ना सिर्जनामा प्रयोग गरेको कुरा यस लेखमा लिइएका कथाका अध्ययनबाट स्पष्ट हुन्छ। तसर्थ, समयसमयमा देखिएका भारतीय नेपाली कथाका विविध प्रवृत्तिजस्तै उत्तरउपनिवेशवाद वर्तमान भारतीय नेपाली कथाको एउटा प्रमुख प्रवृत्ति हो भन्ने यस अध्ययनले देखाएको छ। अतः भारतीय नेपाली कथाले

उत्तरऔपनिवेशिक समयमा विकसित समस्या र चुनौतीहरूलाई समयसान्दर्भिकताका साथ स्पष्ट अनि बलियो रूपमा प्रतिनिधित्व गर्दै आइरहेका छन् ।

सन्दर्भ सामग्रीसूची

अधिकारी, रामलाल (सम्पादक). (सन् १९८२). *रसिक रचनावली.* श्याम ब्रदर्श प्रकाशन ।

अधिकारी, रामलाल (सम्पादक). (सन् १९९२). *नेपाली कथा यात्रा.* साहित्य अकादमी ।

अली, शमसेर (सन् २०१४). *सोल्दानी गोर्खा मोल्तो ब्योनी.* उपमा प्रकाशन ।

उपाध्याय, गीता (सन् २००८). *कथाञ्जली.* अनुराग प्रकाशन ।

एसक्रफ्ट बिल, गैरेथ ग्रिफिथ्स र हेलेन टिफिन (सन् २००७), *पोस्ट कलोनियल स्टडिज कि कन्सेप्ट.* रुटलेज ।

क्याक्टस, जय (सन् २०१४). "कथालेखनको नयाँ प्रवाहमा कथाकार सञ्जय विष्टको अस्ताचलतिरका कथाहरू". *चरित्र* समालोचना विशेषाङ्क. सहदेव एस गिरी (सम्पादक). चरित्र प्रकाशन ।

खनाल, डिल्लीराम (सन् २००९). *अभिशप्त युगको आत्मकथा.* अधिकारी प्रकाशन ।

गौतम, कृष्ण (वि.सं २०६४). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटि एकेडेमिक पब्लिकेसन्स ।

चामलिङ, गुमानसिंह (सन् १९७८). *मौलो.* श्याम ब्रदर्स प्रकाशन ।

छेत्री, राजकुमार (सन् २०१३). *कृति अवलोकन.* मनमाया प्रकाशन ।

छेत्री, शान्ति (सन् २०१८). 'असमेली नेपाली कथा यात्रा'. *भारतीय नेपाली समालोचना.* सुदर्शन श्रेष्ठ (सम्पादक). साथी प्रकाशन ।

तामाङ, पेम्पा (सन् २०१२). *आख्यानदेखि पराख्यानसम्म.* जनपक्ष प्रकाशन ।

थापा, बासुदेव (सन् २००९). "समकालीन भारतीय नेपाली कथामा उत्तरऔपनिवेशिक चेतना". *नेपाली अकादमी जर्नल.* मोहन पी. दाहाल (सम्पादक). उत्तर वङ्ग विश्वविद्यालय ।

नेपाल, घनश्याम (सन् २००९). *नेपाली साहित्यको परिचयात्मक इतिहास.* एकता बुक हाउस

'प्यासी', जस योञ्जन (सन् २०१२). *परख.* श्याम ब्रदर्श प्रकाशन ।

प्रधान, कुमार (सन् २०१०). *पहिलो प्रहर.* साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (सन् २०१२). *आयामिक कथाकार इन्द्रबहादुर राई.* भृकुटि एकेडेमिक पब्लिकेसन्स ।

फेनन, फ्रान्त्ज (सन् १९८६). *ब्ल्याक स्किन ह्वाइट मास्क.* प्लुटो प्रेस ।

बान्तवा, सञ्जय (सन् २०१३). *समीक्षण.* सृजन समिति ।

भण्डारी, राजेन्द्र (सन् २००२). *सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मूल्याङ्कन.* विद्यावारिधि ।

भाभा, होमी के (सन् २००४). *लोकेसन अव् कल्चर.* रुटलेज ।

राई, शिवकुमार (सन् १९९४). *शिवकुमार राईका सात कथा.* नेपाली साहित्य सम्मेलन ।

विष्ट, सञ्जय (सन् २०१३). *अस्ताचलतिर.* निर्माण प्रकाशन ।

सुन्दास, इन्द्र (सन् १९८९). *रोमन्थन.* श्याम ब्रदर्श प्रकाशन ।

सिंह, रूपनारायण (सन् २०१३). *कथा नवरत्न.* विश्व बन्धु प्रकाशन ।

श्रेष्ठ, अविनाश (सन् २००७). *आधुनिक भारतीय नेपाली कथा* (सम्पा.). साझा प्रकाशन ।